# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

## पदपूर्ति उपसमिति

बबरमहल, काठमाडौंको पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७४।०४।११)

यस कम्पनीमा रिक्त रहेका देहायका पदहरुमा खुल्ला प्रतिस्पर्धाद्वारा व्यवस्थापन करारमा पूर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका कुनै वातकसुर नलागेका योग्य नेपाली नागरिकले **कम्पनीको वेबसाइट बाट प्राप्त कार्यक्षेत्रगत शर्तका आधारमा** तोकिएको दस्तुर सहित यो सूचना गोरखापत्र दैनिकमा प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र तोकिएको स्थानमा दरखास्त बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ। शैक्षिक प्रमाणपत्रमा श्रेणी नखुलेको हकमा आवेदक स्वयंले सम्बन्धित शैक्षिक संस्थाको श्रेणी खुलेको प्रमाणपत्र दरखास्त साथ पेश गनु पर्नेछ । विदेशी शैक्षिक संस्थावाट प्रमाणपत्र हासिल गरेका आवेदकले समकक्षताको कागजात समेत पेश गर्नु पर्नेछ । रित नपुगेको, म्याद नाघी आएको, आवश्यक न्यूनतम शैक्षिक योग्यता नपुगेको र शर्त सहितको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| क्र.सं. | वि.नं. | पद | तह | माग संख्या | परीक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | १/०७४-७५ | वित्त विश्लेषक | दश | १ (एक) | रु १०००/- | व्यवसायिक तथा वित्तीय कार्ययोजना सहितको प्रस्ताव, प्रस्तुतिकरण तथा |
| २. | २/०७४-७५ | प्रमुख इन्जिनियर (हाइड्रोपावर) | दश | १ (एक) | रु १०००/- | व्यवसायिक तथा वित्तीय कार्ययोजना सहितको प्रस्ताव, प्रस्तुतिकरण तथा |

क) सेवाको किसिम :- व्यवस्थापन करार

ख) सेवाको अवधि :- कार्य सम्पादन करारमा उल्लेख भएबमोजीम बढीमा ४ बर्ष ।

ग) दरखास्त बुझाउने स्थान :- कम्पनीको कार्यालय, बबरमहल, काठमाडौं ।

घ) दरखास्त बुझाउने अन्तिम मिति :- २०७४।०५।०१ गते सम्म ।

ङ) प्रस्तुतिकरण, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षणको स्थान र मिति :- पछि प्रकाशन गरिने छ ।

च) पदमा रही गर्नु पर्ने कामको विवरण :- कार्य विवरण अनुसार ।

छ) तलब :- कम्पनीको प्रचलित स्केल बमोजिम ।

ज) अन्य सेवा शर्त :- कम्पनीको नियमानुसार ।

झ) उमेर :- २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

ञ) Terms of References (TOR) (कार्यक्षेत्रगत शर्त) पाइने स्थान :- कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्नु होला ।

थप जानकारीको लागि कम्पनीमा सम्पर्क राख्न वा ०१४२५७०२४/०२५ मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक न्युनतम योग्यता :**

**क) वित्त विश्लेषक :**

मान्यता प्राप्त संस्थाबाट चाटर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी चाटर्ड एकाउन्टेन्सीसंग सम्बन्धित व्यावसायिक संस्थाको सदस्यता प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट वित्त मुल विषय लिई ब्यापार प्रशासनमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरेको र वित्त विश्लेषक भई कम्तीमा ५ बर्षको अनुभव हासील गरेको ।

**ख) प्रमुख इन्जिनियर हाइड्रोपावर :**

जलविद्युत सम्वन्धी इन्जिनियरिङ्ग विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्वन्धित विषयमा अधिकृतस्तरको पदमा कम्तीमा ५ बर्षको अनुभव हासिल गरेको ।